# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २ गते २०३८ साल

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ क को प्रयोजनको लागि देहायबमोजिमको उच्चस्तरीय समिति, दाङ गठन गरेको छ ।

(१) समितिको गठन विधिः

(क) सर्वोच्च अदालतका भू.पू. न्यायाधीश, श्री झपटसिंह रावल– अध्यक्ष

(ख) सभापति, जिल्ला पञ्चायत, दाङ– सदस्य

(ग) भूमिसुधार अधिकारी, दाङ– सदस्य-सचिव

(२) समितिको इजलास र कार्यावधिः

(क) समितिले आफ्नो इजलास आवश्यकतानुसार दाङ जिल्लाको कुनै पनि स्थानमा कायम गर्न सक्नेछ ।

(ख) समितिले काम प्रारम्भ गरेको मितिले १२ महीना खुद काम गर्ने गरी कार्यावधि तोकिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको काम कर्तव्यः खण्ड २८, मिति २०३५।१।१८, संख्या ३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित उच्चस्तरीय आयोग दाङलाई सुम्पिएका काम कर्तव्य र सो आयोगले फछर्यौट गर्न बाँकी सबै कामको फछर्यौट यस समितिले गर्नेछ ।

(४) विघटनः खण्ड २८, मिति २०३५।१।१८, संख्या ३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित उच्चस्तरीय आयोग दाङलाई विघटन गरिएको छ ।

आज्ञाले–

नारायणविक्रम शाह

श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252